जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
# राजविराज दैनिक
स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक २८० २०७९ साल असार २ गते बिहीबार (16 June 2022 Thursday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

जंगली च्याउहरु विषालु पनि हुनसक्छन्, त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं।

खेती गरेर उमारेका च्याउ मात्र खाने गरौं। अमुल्य जीवन सुरक्षित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

यस अंक भित्र : २ पृष्ठमा : यस्तो थियो सात वटै प्रदेश ... ३ पृष्ठमा : मतदाता नामावली संकलन ... ३ पृष्ठमा :प्रहरी कारबाहीमा १० ...

## मधेश प्रदेश सरकारको ४६ अर्ब ८८ करोड ९ लाख ४६ हजार रुपैयाँको बजेट



**दैनिक समाचारदाता**
**जनकपुर, १ असार ।**

मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०७९/८० का लागि ४६ अर्ब ८८ करोड ९ लाख ४६ हजार रुपैयाँको बजेट ल्याएको छ।

बुधबार प्रदेशसभा बैठकमा अर्थमन्त्री शैलेन्द्र प्रसाद साहले सो बजेट प्रस्तुत गर्दै चालूतर्फ २१ अर्ब ७६ करोड ६७ लाख ९५ हजार र पुँजीगततर्फ २५ अर्ब ८२ करोड २० लाख ८० हजार रहेको बताए । यस्तै वित्तीय व्यवस्थापनतर्फ १६ करोड २४ लाख ५६ हजार २ सय रुपैयाँ रहेको छ ।

प्रदेश सरकारले कृषि, स्वास्थ्य, शिक्षा र पर्यटनलाई विशेष प्राथमिकता दिइएको छ। कृषि मन्त्रालयका लागि समग्रमा पोने ३ अर्ब बजेट विनियोजन गरेको अर्थमन्त्री साहले बताए ।

उनले कृषि मिटरमा ७५ प्रतिशत अनुदान दिने, किसानको समस्या बुझ्न हटलाइन सेवा सञ्चालन गर्ने, सिँचाइको व्यवस्था पालिकासँगको सहकार्यमा गरिने, सामूहिक खेतीमा जोड दिइने लगायतका योजनाहरूका लागि बजेट विनियोजन गरेका छन् ।

**बजेटमा सप्तरी**

सो बजेटमा राजबिराज, जनकपुर र वीरगंजमा स्थानिय तहको सहकार्यमा “हरित शहर स्वच्छ शहर” को रुपमा बिकास गर्न सघन कार्यक्रम सञ्चालनको लागि रु १५ करोड बिनियोजन गरिएको छ ।

त्यस्तै धार्मिक एवं साँस्कृतिक पर्यटन प्रवर्द्धनका लागि सप्तरीको छिन्नमस्ता मन्दिर, कंकालिनी मन्दिर र शम्भुनाथ मन्दिरलगायत अन्य जिल्लाका गरि ११ स्थानमा ३० करोड बिनियोजन गरिएको छ ।

जिल्लाको तिलाठीस्थित नाक कान घाँटी अस्पताल निर्माणका लागि ६ करोड बजेट बिनियोजन गरिएको छ भने प्रदेशको ८ वटै जिल्लामा बैकल्पिक स्वास्थ्य उपचार पद्धतीको (आयुर्वेद, होमियोपैथि आदी) सेवा बिस्तार एवं सुदृढिकरणका लागि यथोचित बजेट बिनियोजन गरिनुका साथै ८ वटै जिल्लाको आयुर्वेदक अस्पतालहरुमा प्रयोगशाला निर्माणका लागि ८ करोड बिनियोजन गरिएको छ ।

**पत्रकारिता क्षेत्र**

पत्रकारिता क्षेत्रको उत्थानका लागि पत्रकार बृत्ति कार्यक्रम, मधेश पत्रकारिता पुरस्कार, पत्रकार अध्ययन छात्रबृति तथा महिला पत्रकारहरुको लागि विशेष सुरक्षा कार्यक्रम, पत्रकार प्रशिक्षण कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट बिनियोजन गरिएको छ ।

संचार क्षेत्रको संस्थागत विकासलाई ध्यान दिँदै मिडिया काउन्सील, आमसंचार प्राधिकरण एवं चलचित्र तथा लोक संचार प्रवर्द्धन बोर्डका लागि ३० करोड ५० लाख बिनियोजन गरिएको छ । आम नागरिकको सुसूचित हुने अधिकारको सुनिश्चितता र सूचनाको हक प्रत्याभूती गराउन लोक कल्याणकारी विज्ञापन कार्यक्रममा २ करोड बिनियोजन गर्नुका साथै समग्र गृह तथा संचार मन्त्रालयको लागि ६४ करोड ३३ लाख २० हजार रकमको ब्यवस्था ।

बजेटमा पर्सादेखी सप्तरी जिल्लासम्मको मधेशशहिद राजमार्गको अध्ययनका लागि आवश्यक बजेट बिनियोजन गरिएको छ ।

## दिवा खाजा कार्यक्रममा अनियमितता भएको आरोप




**दैनिक समाचारदाता**
**राजविराज, १ असार ।**

सप्तरीको महादेवा गाउँपालिका वडा नं. १ स्थित जनचेतना रा.प्रा.वि. बल्थीमा दिवा खाजा कार्यक्रममा अनियमितता भएको विद्यालय व्यवस्थापन समिति तथा स्थानिय अभिभाबकहरुले आरोप लगाएका छन् ।

सो विद्यालयका विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष विनोदकुमार यादवले प्रधानाध्यापक मो.गुलजार उदीनले विगतमा कोरोनाको लकडाउन र बैशाखदेखि हालसम्म विद्यालयका १ सय ३० जना विद्यार्थीलाई खाजा उपलब्ध नगराएको आरोप लगाए ।

व्यवस्थापन समितिका सदस्य अमलादेवी सदाले केही दिन अघि खाजा कार्यक्रमका लागी २२ हजारको खाजा सामग्री राजविराजबाट खरीद गरी ल्याएकोमा विद्यालय प्रशासनको मिलोमतोमा चोरी भएको जानकारी दिइन् ।

विद्यालयमा बाल विकासमा १० जना, कक्षा १ मा ३० जना, कक्षा २ मा २५ जना, कक्षा ३ मा २३ जना, कक्षा ४ मा २४ जना, कक्षा ५ मा १८ जना बिद्यार्थी अध्ययनरत छन ।

स्थानिय अभिभावक मो. दाउदका अनुसार विद्यालयको पाठ्यपुस्तक खरीदमा समेत अनियमितता तथा भ्रष्टाचार भएको छ ।

## राप्रपाद्वारा हिन्दु राष्ट्र तथा राजसंस्थाको पक्षमा प्रदर्शन

**दैनिक समाचारदाता**
**राजविराज, १ असार ।**

राष्ट्रिय प्रजातन्त्र पार्टी सप्तरीले बुधबार हिन्दु राष्ट्र तथा राजसंस्थाको पक्षमा राजविराजमा प्रदर्शन गरेको छ ।

जिल्ला अध्यक्ष उम्देश्वर साहको नेतृत्वमा राजविराज नगर क्षेत्रमा नाराबाजी गर्दै प्रदर्शन




गरिएको हो ।

नगर परिक्रमा पश्चात् जिल्ला प्रशासन कार्यालय पुगेर प्रमुख जिल्ला अधिकारी जनार्दन गौतममार्फत प्रधानमन्त्रीलाई विभिन्न १९ बुँदे मागसहित ज्ञापनपत्र समेत बुझाइएको छ ।

बुझाइएको ज्ञापनपत्रमा धर्मनिरपेक्षता खारेज गरि नेपाललाई पूर्णधार्मिक स्वतन्त्रतासहितको हिन्दु राष्ट्र घोषणा गरिनुपर्ने माग गरिएको छ ।

यस्तै किसानलाई मलबिऊ बिजनको व्यवस्था, पेट्रोलियम पदार्थ र खाना पकाउने ग्यासको मुल्य बृद्धि फिर्ता, नागरिकको मौलिक हकको रुपमा रहेको शिक्षा र स्वास्थ्य निशुल्क गरिनु पर्ने ज्ञापनपत्र मार्फत माग गरिएको छ ।

यस्तै स्थानिय तहमा लगाइएको विभिन्न अव्यवहारिक कर खारेजी, भूमिहिनलाई जग्गाको व्यवस्था, रोजगार नपाएका युवालाई निश्चित अवधीका लागि बेरोजगार भत्ता, भ्रष्ट्राचार र महँगी नियन्त्रण लगायतका माग पनि ज्ञापन पत्रमा समावेश गरिएको छ ।

अध्यक्ष साहका साथै उपाध्यक्ष उमेशप्रसाद साह, सचिव बलराम शर्मा, सहसचिव सुरेन्द्र साह सुरेश, क्षेत्रिय सभापति बालकदास चौधरी, केन्द्रिय सदस्य जयकुमारी महतो लगायतको अगुवाईमा बुझाइएको ज्ञापन पत्र बुझ्दै प्रजिअ गौतमले तत्कालै उक्त ज्ञापनपत्र तत्कालै प्रधानमन्त्रीको कार्यालयमा पठाउने प्रतिबद्धता जनाएका थिए ।

## ऋण चुक्ता गरेपनि मिटरब्याजी रामदेवका परिवारले धितो फिर्ता नगरेको जानकारी दिन प्रहरीद्वारा सूचना जारि

**सप्तरीको खडक नगरपालिका वडा न. ७ कल्याणपुर स्थायी घर भएका रामदेव साह तेली, निजको श्रीमती शिव कुमारी देवी साह, छोरा नन्दकिशोर साह तेली, छोरीहरु रेणु कुमारी साह र अनुराधा कुमारी साह समेतको नाम किटान गरि सूचना प्रकाशित गरिएको हो ।**

**दैनिक समाचारदाता**
**राजविराज, १ असार ।**

जिल्ला प्रहरी कार्यालय सप्तरीले बुधबार एक सूचना प्रकाशित गरि मिटरब्याजी रामदेव साह तेलीलगायत उनका परिवारजनले ऋण दिएर ऋणीहरुले रकम चुक्ता गरेपनि सम्पत्ति फिर्ता नपाएको प्रमाणसहित प्रहरीमा जानकारी दिन आग्रह गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी निरिक्षक एवं सूचना अधिकारी भानु खडकाद्वारा जारि सूचनामा ईलाका प्रहरी कार्यालय कल्याणपुर सप्तरीमा उनीहरुको बारेमा जानकारी दिन उल्लेख गरिएको छ ।

सप्तरीको खडक नगरपालिका वडा न. ७ कल्याणपुर स्थायी घर भएका रामदेव साह तेली, निजको श्रीमती शिव कुमारी देवी साह, छोरा नन्दकिशोर साह तेली, छोरीहरु रेणु कुमारी साह र अनुराधा कुमारी साह समेतको नाम किटान गरि सूचना प्रकाशित गरिएको हो ।

जारि सूचनामा, “बिभिन्न मानिसहरुलाई मालपोत कार्यालयबाट धितो स्वरुप निजहरुको नाममा रहेको घर जग्गा तथा अन्य जाय जेथा रजिष्ट्रेशनको लिखत पास गराई चर्को ब्याजमा ऋण लगानी गर्ने र लिएको ऋण रकमको साँवा ब्याज समेत चुक्ता गर्दा समेत घर जग्गा समेतका जाय जेथा फिर्ता नगरी ठगी गर्ने गरेको भनी यस कार्यालय मातहत इलाका प्रहरी कार्यालय कल्याणपुर सप्तरीमा जाहेरी दरखास्त परी अनुसन्धान भईरहेको निज रामदेव साह तेली समेतले अन्य सर्वसाधारण मानिसहरुको घर जग्गा समेतका जाय जेथा धितो राखी चर्को ब्याजमा ऋण लिई लिएको रकम चुक्ता गर्दा समेत घर जग्गा समेतका जाय जेथा फिर्ता नपाई वा अन्य कुनै किसिमले ठगी गरेको भए आवश्यक प्रमाणसहित लिई यस कार्यालय मातहत ईलाका प्रहरी कार्यालय कल्याणपुर सप्तरीमा सम्पर्क राख्न सर्वसाधारण सबैमा जानकारी गराई दिन हुन बिनम्र अनुरोध छ ।”

## सम्पादकीय ....

# घरेलु मदिरा नियन्त्रणमा अझै भएन

सप्तरी जिल्लास्थित अधिकांश स्थानमा उत्पादन हुदै आएको प्राणघातक अबैध घरेलु मदिरा अझै नियन्त्रणमा आउन सकेको छैन् । प्रत्येक गाउको चौक/चौक र स्थानीय स्तरमा लाग्ने प्रत्येक हाट बजारमा खुल्ला रुपमा उत्पादित अबैध घरेलु मदिरा बिक्री भइरहेको छ । राजविराजसहित बोदे बर्साईन, भारदह, कल्याणपुर, हनुमाननगर लगायत जिल्लाको प्रमुख ब्यापारीक बजार र ग्रामिण क्षेत्रका होटलहरुमा समेत खुल्ला रुपमा सो मदिरा बिक्री भइरहेका छन् ।

स्थानीय प्रबिधीबाट बनाई सो मदिरा बढी भन्दा बढी उत्पादन गर्ने उद्देश्यले ब्यबसायीहरुले यूरिया कृषि मल को अत्यधिक प्रयोग गरिरहेको पाईन्छ । दक्षिणबर्ती गाउँहरुमा प्रत्येक गाउँमा दुई/चार घर त्यस्ता ब्यक्तिहरुले उत्पादन गरेपनि राजमार्ग भन्दा उत्तर तथा चुरे छेउका गाउँहरुमा पहाडी समुदायको बस्ति भएकोले घरैपिच्छे दैनिक मदिरा उत्पादन गरिरहेको देखिन्छ । उनीहरुले उत्पादन गरेको सो गुणस्तरहिन मदिरा ठूल-ठूला प्लाष्टिकको ग्यालेनमा जिल्लास्थित बजारका होटलहरुमा बसमा लगेर पुर्याउने गरेको प्रत्यक्ष देखिन्छ । यसरी उत्पादित मदिरा गुणस्तरहिन हुनुका साथै यूरिया कृषि मलको प्रयोग शरीरको लागि हानिकारक हुने गरेको छ । यूरिया कृषि मल हालेर उत्पादन गरिएको मदिरा सेवन गर्नाले मृगौलालगायत शरीरको अत्यन्तै संवेदनशिल अंगहरुमा गम्भिर असर पार्न सक्छ । अबैध रुपमा मदिरा उत्पादनकर्त्ताहरुले आफूले उत्पादन गरेको गुणस्तरहिन मदिरा टुबोर्गलगायतका बियरको बोतलमा रोयल चाइलेञ्ज लगायतका लेबल टासेर बाहिर जिल्लामा समेत निर्यात गर्ने गरिरहेको छ ।

प्रहरीले अबैध घरेलु मदिरा नियन्त्रण गर्न अभियान चलाएपनि खासै प्रभावकारी हुन सकेन् । तसर्थ ज्यानै लिने गरि अबैध रुपमा गुणस्तरहिन मदिरा खुल्ला रुपमा उत्पादन र बिक्रि वितरण भईरहेकोले त्यसतर्फ स्थानीय प्रशासन अझ्झ गम्भीर बन्नु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# यस्तो थियो सात वटै प्रदेश सरकारको चालु आवको बजेट

रमेश लम्साल

काठमाडौँ, १ असार (रासस) ।

संवैधानिक प्रावधानअनुसार सात वटा प्रदेश सरकारले बुधबार आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गरेको छ ।

सातवटै प्रदेश सरकारले आगामी आर्थिक वर्षको विनियोजन विधेयक २०७९ प्रदेश सभामा प्रस्तुत गरेको छ । सङ्घीय सरकारले जेठ १५ गते नै बजेट प्रस्तुत गरिसकेको छ भने संवैधानिक व्यवस्था अनुसार प्रदेश सरकारले बुधबार बजेट प्रस्तुत गरेको हो ।

चालु आवका लागि गण्डकी प्रदेश सरकारले रु ३० अर्ब तीन करोड ९४ लाखको बजेट ल्याएको थियो । त्यसमा रु १३ अर्ब छ करोड ४७ लाख चालूतर्फ र रु १६ अर्ब ७३ करोड ४६ लाख पुँजीगत तथा २४ करोड वित्तीय व्यवस्थापनतर्फ विनियोजन गरिएको थियो । त्यसमा सङ्घीय सरकारले वित्तीय समानीकरण अनुदान रु सात अर्ब ४२ करोड पाएको थियो । सशर्त अनुदान रु चार अर्ब १८ करोड, समपुरक अनुदान रु ८७ करोड, विशेष अनुदान रु ५४ करोड, राजश्व बाँडफाँट रु सात अर्ब ६२ करोड र रोयल्टीबाट रु ३० करोड पाउने प्रदेश सरकारको अनुमान थियो ।

प्रदेशले रु चार अर्ब ९७ करोड आन्तरिक आम्दानीबाट व्यहोर्ने र यस वर्ष खर्च नहुने रु दुई अर्ब १० करोड पनि बजेटमा समावेश गरिएको थियो । अपुग रु दुई अर्वमध्ये आन्तरिक ऋण रु एक अर्व र नेपाल सरकारबाट रु एक अर्व ऋणबाट व्यहोरिने उल्लेख थियो ।

यस्तै, सुदूरपश्चिम प्रदेश सरकारले रु ३० अर्ब ३३ करोडको बजेट प्रस्तुत गरेको थियो । कुल विनियोजित मध्ये चालू तर्फ रु दश अर्ब ६६ करोड नौ लाख तीन हजार र पूँजीगत तर्फ रु १७ अर्ब ६५ करोड ४० लाख ५२ हजार रहेको थियो । विनियोजनमध्ये अन्तर सरकारी वित्त हस्तान्तरण अन्तर्गत रु एक अर्ब ७२ करोड ४५ लाख, वित्तीय व्यवस्थातर्फ रु ३० करोड विनियोजन गरिएको थियो । प्रदेश सरकारले आव २०७७/०७८का लागि रु ३३ अर्ब ३८ करोड १३ लाख ४८ हजारको बजेट विनियोजन गरेको थियो ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजश्व परिचालनबाट रु एक अर्ब आठ करोड तीन लाख २२ हजार, नेपाल सरकारबाट राजश्व बाँडफाँड भई प्राप्त हुने अनुमानित रकम रु सात अर्ब ९२ करोड ९१ लाख, सङ्घीय रोयल्टी बाँडफाँट भई प्राप्त हुने रु तीन करोड ९४लाख ६३ हजार प्राप्त हुने अनुमान गरिएको थियो ।

यस्तै सङ्घीय सरकारले वित्तीय समानीकरण अनुदान रु आठ अर्ब ५४ करोड ४० लाख र चालू आर्थिक वर्षको विनियोजनबाट बचत हुने अनुमानित रकम समेतबाट प्राप्त हुने रु छ अर्ब ६८ करोड ३० लाख ६१ हजार, सशर्त अनुदानबाट प्राप्त हुने रु चार अर्ब १९ करोड ३३ लाख, सङ्घीय सरकारबाट समपुरक अनुदानबाट प्राप्त हुने अनुमान गरिएको रु एक अर्ब २२ करोड ९४ लाख, विषेश अनुदानबाट प्राप्त हुने अनुमान गरिएको रु ६१ करोड ३५ लाख र विकास साझेदारबाट बजेट प्रणाली मार्फत् परिचालन हुने सहायता रकम रु दुई करोड ४६ लाख १० हजार समेत प्राप्त हुने अनुमान गरिएको थियो ।

यसैगरी लुम्बिनी प्रदेश सरकारले रु ४० अर्ब बराबरको बजेट प्रस्तुत गरेको थियो । आर्थिक वर्ष २०७८/०७९ का लागि चालुतर्फ रु १४ अर्ब ९३ करोड ७३ लाख ४३ हजार तथा पूँजीगततर्फ रु २१ अर्ब १७ करोड ९९ लाख ६१ हजार बजेट विनियोजन भएको थियो । स्थानीय तहमा वित्तीय हस्तान्तरणका लागि रु चार अर्ब ८४ करोड २३ लाख ९६ हजार विनियोजन गरिएको थियो ।

प्रदेश नं १ सरकारले चालु आवका लागि रु ३२ अर्ब ४६ करोड ९२ लाखको विनियोजन गरेको थियो । कुल विनियोजनमध्ये चालु तर्फ रु १४ अर्ब १६ करोड १५ लाख अर्थात ४३ दशमलव छ प्रतिशत, पूँजीगततर्फ रु १५ अर्व पाँच करोड ३५ लाख अर्थात ४६ दशमलव तीन प्रतिशत, स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रु तीन अर्व २२ करोड ४२ लाख अर्थात १० प्रतिशत तथा वित्तीय व्यवस्थातर्फ रु तीन करोड बराबर रहेको थियो ।

त्यसमा प्रदेश सरकारको आन्तरिक राजस्वबाट रु चार अर्व नौ करोड ७७ लाख, राजस्व बाँडफाँडबाट रु नौ अर्ब ८१ करोड ६६ लाख, सङ्घबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रु आठ अर्व ५६ करोड ७८ लाख, सशर्त अनुदानबाट रु पाँच अर्व ९६ करोड ७७ लाख, समपुरक अनुदानबाट रु एक अर्व १६ करोड ७८ लाख र विशेष अनुदानबाट रु ५९ करोड ३३ लाख गरी राजस्व तथा वित्तीय हस्तान्तरणबाट जम्मा रु ३० अर्व २० करोड ७९ लाख खर्च व्यहोरिने आयव्ययमा उल्लेख गरिएको थियो । यस्तै अपुग रकम नगद मौज्दातबाट रु दुई अर्व तथा वैदेशिक अनुदानबाट रु २६ करोड १३ लाख व्यहोरिने बजेट वक्तव्यमा जनाइएको थियो ।

सङ्घीय राजधानी समेत रहेको वागमती प्रदेश सरकारले रु ५७ अर्ब ७२ करोडको बजेट सार्वजनिक गरेको थियो । त्यसमा चालूतर्फ रु २६ अर्ब एक करोड ६६ लाख २३ हजार र पुँजीगततर्फ रु २९ अर्ब ७० करोड ४३ लाख चार हजार विनियोजन गरिएको थियो ।

मधेश प्रदेशले रु ३३ अर्ब ७९ करोडको बजेट सार्वजनिक गरेको थियो । त्यसमा चालूतर्फ रु १५ अर्ब ६३ करोड ३३ लाख ४७ हजार अर्थात ४६.२६ प्रतिशत, पुँजीगततर्फ रु १८ अर्ब पाँच करोड ८० लाख ८३ हजार अर्थात ५३.४४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु १० करोड अर्थात ०.३० प्रतिशत बजेट विनियोजना भएको थियो ।

बजेटमा आन्तरिक राजस्वबाट रु तीन अर्ब चार करोड ९१ लाख ३० हजार, नेपाल सरकारबाट प्राप्त हुने अनुदानबाट रु १३ अर्ब ९० करोड ३४ लाख, राजस्व बाँडफाँटबाट रु नौ अर्ब ५८ करोड ८९ लाख र चालू आर्थिक वर्षको बचतबाट रु छ अर्ब २५ करोड व्यहोरिने उल्लेख गरिएको थियो । त्यसबाट अपुग हुने रु एक अर्ब आन्तरिक ऋण लिने उल्लेख थियो ।

बजेटले निर्वाचन क्षेत्र विकास कार्यक्रमका लागि रु दुई अर्ब ३५ करोड र प्रदेशका स्थानीय तहलाई वित्तीय हस्तान्तरण गर्न रु तीन अर्ब १६ करोड ५० लाख विनियोजन गरेको थियो ।

कर्णाली सरकारद्वारा रु ३६ अर्ब ५४ करोडको बजेट प्रस्तुत गरेको थियो । त्यसमा पूँजीगततर्फ रु २१ अर्ब ६५ करोड ३९ लाख १३ हजार र चालूतर्फ रु ११ अर्ब ४९ करोड २७ हजार ७० हजार बजेट विनियोजन गरिएको थियो ।

त्यस्तै वित्तीय हस्तान्तरणतर्फ रु तीन अर्ब ३९ करोड ९९ लाख ५३ हजार विनियोजन गरिएको थियो । आगामी आवका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजस्वबाट रु ६० करोड, चालु आवको खर्च नभई बाँकी रहन जाने अनुमानि रु १२ अर्ब ९२ करोड १६ लाख ८१ हजार, सङ्घीय सरकारबाट राजश्व बाँडफाँटवापत प्राप्त रु सात अर्ब ४४ करोड ७७ लाख बजेटमा उल्लेख गरिएको छ ।

त्यसैगरी बजेटमा वित्तीय समानीकरण अनुदानबाट प्राप्त रु १० अर्ब १४ करोड २१ लाख र सशर्त अनुदानबाट रु तीन अर्ब ९८ करोड ७७ लाख तथा नेपाल सरकारबाट प्राप्त हुने समपूरक अनुदानवापत रु ८१ करोड ३५ लाख, विशेष अनुदानवापत रु ६१ करोड ३० लाख प्राप्त हुने उल्लेख गरिएको थियो ।

**यस्तो छ आगामी आवका लागि सङ्घीय सरकारले दिने अनुदान**

विसं २०७४ मा स्थापना भएका प्रदेश सरकारले आ-आफनो सापेक्षतामा बजेट प्रस्तुत गर्ने गरेका छन् । त्यसमा सङ्घीय सरकारले उपलब्ध गराउने वित्तीय समानीकरण अनुदान, विशेष तथा सशर्त अनुदान र समपूरक अनुदान उपलब्ध गराउँछ । यस्तै, प्रदेश सरकारको आम्दानी समेत जोडेर बजेट बनाउने गर्दछन् । सङ्घीय सरकारले आगामी आवका लागि प्रदेश सरकारलाई रु एक खर्ब २९ अर्ब ४६ करोड छ लाख बराबरको अनुदान उपलब्ध गराएको छ ।

सङ्घीय सरकारले बागमती प्रदेशलाई रु २० अर्ब ३२ करोड ६६ लाख बरारबरको अनुदान उपलब्ध गराएको छ । त्यसमा सो प्रदेशले समानीकरण अनुदानतर्फ रु आठ अर्ब ४० करोड ४६ लाख, सशर्त अनुदान रु १० अर्ब नौ करोड २० लाख, विशेष अनुदान ७९ करोड र समपुरक अनुदान रु एक अर्ब चार करोड उपलब्ध हुनेछ ।

गण्डकी प्रदेशले सङ्घीय सरकारबाट रु १६ अर्ब ५४ करोड ३२ लाख बजेट पाएको छ । त्यसमा समानीकरण अनुदान रु सात अर्ब ९२ करोड ७९ लाख, ससर्त अनुदान रु छ अर्ब ९१ करोड ८३ लाख, विशेष रु ८६ करोड र समपुरक अनुदान रु ८३ करोड ३० लाख पाएको छ ।

प्रदेश एकलाई सङ्घीय सरकारले रु १९ अर्ब नौ करोड ९१ लाख बराबरको वित्तीय हस्तान्तरण गरेको छ । त्यसमा समानीकरणतर्फ रु नौ अर्ब ८२ लाख, सशर्त अनुदानतर्फ रु आठ अर्ब ६९ करोड, विशेष अनुदानतर्फ रु ५९ लाख ४७ करोड ५० लाख, समपुरक अनुदानतर्फ रु ९२ लाख बराबर उपलब्ध हुन्छ ।

यस्तै मधेस प्रदेशलाई रु १९ अर्ब १५ करोड नौ लाख बराबरको बजेट उपलब्ध गराएको छ । त्यसमा समानीकरणतर्फ रु सात अर्ब ८१ करोड ५८ लाख, विशेष अनुदानतर्फ रु १० अर्ब छ करोड ५१ लाख, समपुरकतर्फ रु ४९ करोड अनुदान उपलब्ध हुनेछ ।

लुम्बिनी प्रदेशमा समानीकरण अनुदान रु आठ अर्ब ५४ करोड १७ लाख, सशर्त अनुदान रु आठ अर्ब ७१ करोड २२ लाख, रु ३८ करोड ३५ लाख विशेष अनुदान र

*बाँकी अन्तिम पृष्ठमा*

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मतदाता नामावली संकलन र अद्यावधिक सुरु

काठमाडौं, १ असार (रासस) ।

निर्वाचन आयोगले आगामी प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनलाई लक्षित गरी बुधबारदेखि देशभर मतदाता नामावली सङ्कलन र अद्यावधिक कार्य पुनः सुरु गर्दैछ ।

सबै निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालय एवं ७३ वटै इलाका प्रशासन कार्यालयबाट मतदाता नामावली सङ्कलन गरिने आयोगले जनाएको छ । पेशा, व्यवसाय वा अन्य कुनै कारणले कुनै एक जिल्लामा बसोबास गरिरहेको नागरिकले निजको स्थायी ठेगानामा रहने गरी हाल अस्थायी बसोबास गरिरहेको जिल्लाकै निर्वाचन कार्यालय गई मतदाता नामावली दर्ता गर्न सक्नेछन् ।

बुधबारदेखि मतदाता नामावलीमा नाम, ठेगाना, जन्ममितिलगायत विवरण सच्याउनलाई प्रमाणसहित निवेदन दिएमा त्रुटि सच्याउने तथा कुनै मतदाताले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भनी त्यस्तो नाम मतदाता नामावलीबाट हटाइने छ । विवाह वा बसाइँ सरेको कारण मतदाता नामावलीमा रहेको आफ्नो ठेगाना परिवर्तन गर्न चाहेमा साविकमा नाम दर्ता भएको जिल्ला वा नाम सार्न चाहेको जिल्लाको निर्वाचन कार्यालयमा निवेदन दिन सकिने आयोगले जनाएको छ ।

मतदाताले आफ्नो नाम रहेको मतदानस्थलबाट पायक पर्ने सोही वडाको अर्को मतदानस्थलमा नाम सार्न निवेदन दिएमा सोहीबमोजिम स्थानान्तरण गर्न सकिने छ । मतदाता नामावली अद्यावधिक गर्ने प्रयोजनका लागि कुनै व्यक्तिले इमेल वा फ्याक्समार्फत निर्वाचन कार्यालयमा निवेदन दिएमा पनि नामावली अद्यावधिक गरिने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो ।

विसं २०७३ माघ २० गतेभन्दा अघि दर्ता भई नागरिकतामा उल्लेखितभन्दा फरक ठेगानामा मतदाता नामावली रहेका व्यक्तिले नागरिकतामा उल्लेखित ठेगानामा नै मतदाता नामावली सार्न मतदाता नामावली रहेको जिल्लाको निर्वाचन कार्यालयमा निवेदन दिन सक्नेछन् । निजको नाम सो जिल्लाको मतदाता नामावलीबाट निजको नागरिकतामा उल्लेखित ठेगाना भएको स्थानीय तहको वडामा सार्न सकिने आयोगले जनाएको छ ।

मतदाताको मृत्यु भएको वा नागरिकता त्याग गरेको वा विवाह वा बसाइँ सरी गएका कारण मतदाता

*बाँकी अन्तिम पृष्ठमा*




## जन ज्योति कृषि सहकारी संस्था लि.
### राजबिराज ९ मलेठ, सप्तरी

**ऋणीको घरजग्गा लिलाम बिक्रिको सुचना**

**मिति २०७६/०३/०१**

यस जन ज्योति कृषि सहकारी संस्था लि. राजबिराज ९ मलेठ सप्तरीबाट बिभिन्न मिति तथा उदेश्यमा ऋण लिएका ऋणी सदस्यहरुको भाखा म्याद भित्र ऋण रकमको साँवामा लाग्ने ब्याज तथा हर्जाना रकम नबुझाएको हुँदा निजहरुलाई पटक-पटक लिखित पत्राचार गरिसकिएको तत्तपश्चात् पनि ऋण नबुझाई अटेरी गरेको हुदा निजह्ररुलाई ऋण बुझाउन आउन ३५ दिने अन्तिम पटक कृष्णा राष्ट्रिय दैनिक वर्ष २७ अंक ६५ मिति २०७९ बैशाख १६ गते सार्वजनिक सुचना जारी गरिएकोमा समेत ऋण रकमको साँवा, ब्याज बुझाउन नल्याएको हुँदा बाध्य भै सहकारी ऐन २०७४ को दफा ७९, ८३ सहकारी नियमावली २०७५को दफा ३० र संस्थाको विनियम २०६८ बमोजिम निजहरुले लेखी दिएको धितो जमानत लिलाम बिक्री गरी असुर उपर गरिने भएकोले इच्छुक व्यक्तिले सुचना प्रकाशित मिति  देखी १५ दिन र सो दिन सावर्जनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुल्ने दिनको ४ बजे सम्म सिलबन्दी लिलाम बढाबढ बोलपत्र पेश गर्न आव्हान गरिन्छ । लिलाम बढावढ बोलपत्र पेश गर्दा आफुले कबोल गरेको १५ औं दिनसम्मको ब्याज र हर्जना जोडी हुन आउने डाक मुल्यको ५ प्रतिशत रकम यस संस्थाको राष्ट्रिय सहकारी बैंक शाखा कार्यालय राजबिराजस्थित बचत खाता नं. ०३४१५०००००७१ मा दाखिला गरेको भौचर संलग्न राख्नु पर्नेछ । रीत नपुगेको, म्याद नाघि प्राप्त भएको बोलपत्र मान्य हुने छैन । बोलपत्र १६ औं दिनका दिन १२ बजे बिभिन्न कार्यालय प्रतिनिधीहरुको रोहबरमा खोलिने छ । सबैभन्दा बढी डाक बोल्ने व्यक्तिको नाममा डाक स्वीकृति गरिनेछ र निजले बोलपत्र खोलेको ७ दिन भित्र पुरे रकम जम्मा गरी जेथा दाखिल खारेज गरी लग्नु पर्नेछ । निजले रकम जम्मा नगरेमा निजको धरौटी रकम जफत गरी दोस्रो बढी डाक बोल्ने व्यक्तिको स्वीकृत गरिनेछ । यस सम्बन्धी बिवरण संस्थाको कार्यालय समयमा आई बुझ्न सकिनेछ । बोलपत्र डाक आंशिक वा पुरा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार संस्थामा निहित रहने छ ।

**तपशिल**

| क्र.स. | ऋणीको नाम, थर | बाबु वा पति | बाजे वा सासुरा | ठेगाना | मंजुरीनामा दिने | ऋणीको फोटो |
|---|---|---|---|---|---|---|
| १ | भोला साह | रामेश्वर साह | किसुन साह | रुपनी गाउँपालिक १ | शैल कुमारी साह शम्भुनाथ ८ बुवा टिराहु साह तेली, बाजे राजेन्द्र साह तेली |  |
| २ | कल्पना साह | बुवा नन्द प्रसाद बस्नेत, पति भोला साह | रामेश्वर साह | रुपनी गाउँपालिक १ | |  |
| ३ | मो. नाजाम हुसैन | अलाउदिन मियाँ | बिलट मियाँ | राजबिराज ९, (साबिक मलेठ ७) | सकिला खातुन |  |

लिलाम हुने मिति :- २०७९/०३/१६ गते बिहीबार
स्थान :- जन ज्योति कृषि सहकारी संस्था लि. राजबिराज-९ मलेठ
समय :- दिनको १२ बजे देखि

## डा. आदर्श कुमार सिंह
**Dr. Adarsh Kumar Singh**
MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

## डा. ललन प्रसाद रौनियार
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
**गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजबिराज, सप्तरी**
**Phone :** 031-533774 / **Mo. No** : 9819721526, 9852820734



# विश्व समाचार

## प्रहरी कारबाहीमा १० बन्दुकधारी मारिए

मेक्सिको सिटी, १ असार (रासस/सिन्हवा) ।

मेक्सिकोमा प्रहरी कारबाहीमा परी १० बन्दुकधारीको ज्यान गएको बताइएको छ । मेक्सिकोको टेक्सकल्टालिन नगरपालिकामा प्रहरीले गरेको कारबाहीमा ती बन्दुकधारी मारिएका बताइएको छ । सो क्षेत्रमा सरकारी अधिकारीले त्यहाँ बिभिन्न अपराधमा परेका मानिसलाई पक्राउका लागि पूर्जी लिएर गएका थिए । त्यस क्रममा त्यहाँ रहेका बन्दुकधारीहरुले सो सरकारी टोलीमाथि नै गोली चलाएका थिए । त्यस क्रममा प्रहरीले गरेको कारबाहीमा परेर ती बन्दुकधारी मारिएका प्रहरी अधिकारीले जनाएका छन् । त्यस कारबाहीका क्रममा अरु सात बन्दुकधारीलाई पक्राउ गरिएको छ । पक्राउ परेकामा चार प्रहरीको गोली लागेर घाइते भएका पनि रहेका छन् ।

## श्रीलंकामा आठ लाख पर्यटक भित्रचाउने लक्ष्य

कोलम्बो, १ असार (रासस/सिन्ह्वा) ।

श्रीलङ्कामा आगामी महिना करिब आठ लाख पर्यटक भित्रचाउने लक्ष्य लिइएको छ । यस वर्षको आगामी महिना छिमेकी तथा अन्य विभिन्न मुलुकबाट ती पर्यटक भित्रचाउने लक्ष्यका साथ काम भइरहेको अधिकारीले जनाएका छन् । श्रीलङ्का पर्यटन विकास प्राधिकरणले आर्थिक सङ्कट न्युनिकरणको महत्वपूर्ण उपायको रुपमा पर्यटनलाई लिइएको जनाएको छ । प्रधानमन्त्री रनिल विक्रमासिङ्घेसँग मङ्गलबार भएको बैठकमा प्राधिकरणका अधिकारीले ती पर्यटकबाट ८० करोड डलर स्वदेश आउने अनुमान गरिएको जानकारी दिएका छन् । बैठकमा जाफ्ना विमानस्थललाई प्रभावकारीरुपमा सञ्चालन गर्नुपर्नेमा सहभागीहरुले जोड दिएका छन् । प्रधानमन्त्री विक्रमासिङ्घेले पर्यटन क्षेत्रमा युवालाई आकर्षित गर्न र नयाँ नयाँ भ्रमण प्याकेज बनाउन सुझाव दिनुभएको थियो ।

त्यसैगरी पर्यटकलाई दिइने सेवा सुविधालाई गुणस्तरीय, विविधता र सन्तुष्टिपूर्ण बनाउन पनि उहाँले आग्रह गर्नुभएको थियो । पर्यटन उद्योगलाई महत्वपूर्ण उद्योग बनाउदै आएको श्रीलङ्काले कोरोना भाइरसको महामारीका कारण थिलो थिलो भएको पर्यटन उद्योगलाई फेरि सक्रिय बनाउने कसरत थालेको छ । श्रीलङ्कामा अहिले आर्थिक सङ्कट उत्पन्न हुनुमा महामारीका बेला पर्यटन उद्योगमा ठूलो घाटा लाग्नुलाई पनि मुख्य कारण मानिन्छ । आर्थिक सङ्कटका कारण श्रीलङ्कामा राजनीतिक उथलपुथल भएको छ भने अहिले पनि मूल्य वृद्धि र अभाव सृजना भएको छ ।

## जर्मनीमा फेरि बढे कोरोना संक्रमित दैनिक एक लाख जनामा संक्रमण

बर्लिन, १ असार (रासस/सिन्ह्वा) ।

जर्मनीमा फेरि पनि कोरोना भाइरसका सङ्क्रमित बढ्न थालेका छन् । यहाँका स्वास्थ्यसम्बन्धी अधिकारीले दिएको जानकारीअनुसार यहाँका अधिकारीले पछिल्ला दिनमा दैनिक करिब एक लाख सङ्क्रमित पाइने गरेको पाइएको बताएका छन् । यहाँ मङ्गलबार मात्र एक लाखभन्दा बढी सङ्क्रमित देखिएका छन् । ती सङ्क्रमित गएको अप्रिल महिनादेखि पहिलो पटक यतिधेरै सङ्क्रमित देखिएका बताइएको छ ।जर्मनीको रोबर्ट कोच इन्स्टिच्युटले दिएको जानकारीअनुसार यहाँ पछिल्लो समयमा कारोना सङ्क्रमित बढेका छन् र मङ्गलबार मात्र एक लाखभन्दा बढीमा सो सङ्क्रमण पाइएको छ । यहाँ गएको अप्रिल महिनामा ओमिक्रोन भेरियन्ट आएपछि दैनिक करिब एक लाख सङ्क्रमित पुग्ने गरेका थिए । त्यसपछि पछिल्ला केही हप्तामा यहाँ सङ्क्रमित घट्दै गएकामा अहिले दैनिक एक लाख जति पुग्न लागेका बताइएको छ । यहाँको सरकारले सार्वजनिकस्थलमा हुने जमघट तथा अन्य कतिपय कार्यमा आगामी दिनमा के कसरी नियन्त्रण गर्ने भन्ने बारेमा छलफल गरिरहेको पनि स्वास्थ्य क्षेत्रका अधिकारीले जनाएका छन् ।

## नयाँदिल्लीमा सङ्क्रमितको संख्या ८२ प्रतिशत वृद्धि

नयाँदिल्ली, १ असार (रासस/एएनआई) ।

भारतको नयाँ दिल्लीमा कोरोना भाइरसबाट सङ्क्रमितको सङ्ख्या ८२ प्रतिशतले वृद्धि भएको छ । सरकारी अधिकारीले बुधबार दिएको जानकारीअनुसार अघिल्लो दिनको तुलनामा बुधबार ८२ प्रतिशतले वृद्धि भएको हो ।

देशको सङ्घीय राजधानी नयाँ दिल्लीमा एकाएक सङ्क्रमितको सङ्ख्यामा वृद्धि भएको विवरण सार्वजनिक भएपछि धेरैको ध्यान खिचिएको छ । स्वास्थ्य अधिकारीका अनुसार पछिल्लो एक दिनमा एक हजार ११८ जना सङ्क्रमित थपिएका छन् । जबकी अघिल्लो दिन ६१४ जना मात्रै सङ्क्रमित भएका थिए । उनीहरुले पछिल्लो एक दिनमा ५०० सङ्क्रमित सङ्क्रमणमुक्त भएका छन् । भारतमा अहिले देशभरी सक्रिय सङ्क्रमितको सङ्ख्या ५० हजार ५४८ रहेका छन् । भारतमा अहिले फेरि दैनिक सङ्क्रमितको सङ्ख्या बढ्दै गइरहेको देखिएको छ ।

# बिद्यालयमा मर्मत र रंगरोगन भएपछि छात्रछात्राहरू उत्साहित



**दैनिक समाचारदाता**
**राजविराज, १ असार ।**

समुन्नती/लैङ्गिक केन्द्रित कार्यक्रम/घरमा सुरक्षित सिकाई परियोजना कार्यक्रम संचालनमा आएपछि सप्तरीको खडक र सुरूङ्गाका बालवालिकाका लागि लाभदायिक बन्दै गएको छ ।

खडकको नन्कार बिद्यालयमा मर्मत र रंगरोगन गरेपछि छात्रछात्राहरू उत्साहित भएका छन । खडक नगरपालिका ११ स्थित नन्कार टोल ईम्दादीया आधारभुत बिधालयमा सबल नेपालले बिधालयको मर्मत सम्भार र रंगरोगन गरेपछि छात्रछात्राहरू उत्साहित भएका हुन् ।

संस्थाको समुन्नती कार्यक्रम अन्तर्गत ९ लाख २१ हजार को लागतमा उक्त बिधालयमा सहयोग गरेपछि पठनपाठनमा सहयोग भएको प्रअ बौवालाल यादवले बताए ।

बुधवार समुन्नती कार्यक्रम अन्तर्गत जिल्ला कार्यक्रम सल्लाहाकार समितिद्वारा खडक र सुरूङ्गा नगरपालिकामा संयुक्त अनुगमन तथा समीक्षा बैठक कार्यक्रममा सो कुरा बताईएको छ ।

बिधालयमा पठनपाठनको गुणात्मक सिकाई हुन नसक्दाँ गुणस्तरिय शिक्षामा प्रगति हुन नसकेको खडक नगरपालिका शिक्षा संयोजक बिरेन्द्र कुमार यादबले गुनासो गरे ।

सो अवसरमा खडक नगरपालिका उपप्रमुख रिता चौधरीले बिधालयमा बिधार्थीहरूलाई नियमित टिकाउन र गुणस्तरिय शिक्षामा जोड दिनुपर्ने बताईन । उनले बिधालयको कक्षामा बसाई ब्यबस्थापन सरसफाई, खेलमैदान, शौचालयको उचित प्रयोग, दिवा खाजाको ब्यवस्थापन गर्नेमा जोड दिए ।

यसैगरी सेभ द चिल्ड्रेन को सहयोग र सबल नेपालको सहयोगमा समुन्नती कार्यक्रम अन्तर्गत खडक नगरपालिका ९ स्थित मैन्हासहस्रवाहुमा संचालनको अवस्थामा रहेको बर्थिंग सेन्टरमा ६ लाख बराबरको स्वास्थ सामग्री को जानकारी सँगै निरिक्षण समेत गरिएको खडक नपा वडा १ का अध्यक्ष राजकुमार साहले जानकारी दिए ।

त्यस्तै टोलीले खडक वडा नं ५ रंजितपुरमा ज्योतीबाल क्लबले बालक्लबको ब्यबस्थापन र संचालनको प्रभावकारितको बारेमा जानकारी लिदै समुदायमा हुने बाल बिवाह न्युनिकरण बारेमा छलफल गरेको थियो ।

यसैगरी टोलीले सुरूङ्गा ७ स्थित आधारभुत बिधालय बसान्नपटीमा मर्मत सम्भार र रंगरोगन र वडा ९ प्रमाणपुरमा स्वास्थ चौकी टिकुलियामा बर्थिङ्ग सेन्टरमा सहयोग गरेको स्वास्थ सामग्री र सुरूङ्गा २ मा चन्द्रमुखी कृषक समूह कमलपुरमा कृषक समूहले प्राप्त गरेको सहयोग सामग्रीहरूको उपयोगिता बारेमा जानकारी लिएको समुन्नती कार्यक्रम परियोजना संयोजक रोशन मण्डलले बताए ।

सो अवसरमा खडक नगरपालिका उपप्रमुख रिता चौधरी, वडा १ का अध्यक्ष राजकुमार साह, वडा २ का अध्यक्ष हरेराम मण्डल, वडा ४ का अध्यक्ष गंगालाल चौधरी, वडा ११ का मो. रसुल, जिल्ला शिक्षा समन्वय ईकाई शाखा अधिकृत प्रकाश गुरूङ, कृषि ज्ञान केन्द्रका बाली अधिकृत शोभालाल मण्डल, सेभद चिल्ड्रेन का बरिष्ठ कार्यक्रम संयोजक खिलनाथ निरौला, सेभद चिल्ड्रेनका ईन्द्र बहादुर हायु, सबल नेपालका अध्यक्ष जुना गिरी, गैसस कावा अध्यक्ष बलदेव मण्डल, खडक नगर शिक्षा संयोजक बिरेन्द्र कुमार यादब, सबल नेपालका अशोक साह, समुन्नती कार्यक्रम संयोजक रोशन मण्डल, सेभद सप्तरीका सचिव नरेन्द्र यादव, संचारकर्मी बिनय कर्ण, धर्मपाल राउत, चन्दनकुमार यादब लगायतको सहभागिता रहेको थियो ।

## मतदाता नामावली ...

नामावलीबाट नाम हटाउनका लागि निवेदन लिन प्रत्येक महिना निर्वाचन कार्यालय र सम्बन्धित वडा कार्यालयमा सात दिनको समय दिई सूचना टाँस गर्ने व्यवस्था मिलाउने र यस्तो सूचनाको विवरणमाथि निर्वाचन कार्यालयमा कुनै उजुरी परेमा सोको छानबिन गरी पेश भएको प्रमाणबमोजिम र उजुरी नपरेमा सोहीबमोजिम निर्वाचन कार्यालयले नामावली अद्यावधिक गरिने प्रवक्ता शर्माले बताउनुभयो ।

मतदाता नामावली ऐन, २०७३ बमोजिम निर्वाचनको मिति घोषणा भइसकेपछि सो निर्वाचनको प्रयोजनका लागि मतदाता नामावलीमा नाम दर्ता नगरिने हुँदा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मिति छिट्टै घोषणा हुने सम्भावना रहेको भन्दै आयोगले सो घोषणा हुनुपूर्व नै मतदाता नामावलीमा नाम सङ्कलन गर्न योग्यता पुगेका सबै नागरिकलाई आफ्नो नाम दर्ता गराउन अनुरोध गरेको छ ।

## माईग्रेशन हराएको सूचना

जिल्ला सप्तरी तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ८ वस्ने भूमिका यादवको रजिष्ट्रेशन नं. ७७०५२०१६२ भएको माईग्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहने महानुभावले नजिकको प्रहरी चौकीमा सम्पर्क गर्नुहोला ।
**नाम : भूमिका यादव**
**ठेगाना : तिलाठी कोइलाडी ८, सप्तरी**


## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएमा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भूकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु-क्षयबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## यस्तो थियो ...

समपुरकमा रु ७३ करोड ९० लाख गरी रु १८ अर्ब ४७ करोड ६४ लाख पाएका छन् ।

यस्तै कर्णालीमा समानीकरण अनुदान रु १० अर्ब ७२ करोड ६४ लाख, विशेष अनुदान रु पाँच अर्ब ६९ करोड ६७ लाख र रु ६६ करोड ८० लाख समपुरकलगायत कूल रु १८ अर्ब ३० करोड ६१ लाख हस्तान्तरण हुनेछ ।

बजेटले सुदुरपश्चिम प्रदेशलाई रु १७ अर्ब ५५ करोड ८३ लाख वित्तीय हस्तान्तरण हुनेछ । जसमा समानीकरण अनुदानतर्फ नौ अर्ब ७५ करोड रहेको छ । सशर्त अनुदानतर्फ रु छ अर्ब ९८ करोड ८० लाख, विशेष अनुदान रु ९७ करोड ७८ लाख र समपुरकमा रु ७६ करोड ५० लाख उपलब्ध गराउनेछ ।

प्रदेशमा गरिने वित्तीय हस्तान्तरणतर्फ समानीकरण अन्तर्गत न्यूनतम अनुदान सबै प्रदेशमा गरेर जम्मा १५ अर्ब ३५ करोड ८० लाख, सुत्रमा आधारित अनुदान रु ४३ अर्ब ७७ करोड तीन लाख र कार्यसम्पादनमा आधारित अनुदान रु दुई अर्ब ३० करोड ३८ लाख गरी कूल रु ६१ अर्ब ४३ करोड २१ लाख व्यवस्था गरिएको छ । प्रदेशमा पठाइएको बजेटमध्ये चालु रु ७७ अर्ब ९२ करोड एक लाख र पूँजीगततर्फ रु ५१ अर्ब ५४ करोड पाँच लाख बराबर छ ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।**
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit · City Express Money Transfer · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*